# छत्रकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चोयगा,गुल्मी

प.स. ०७८/७९ | लुम्बिनी प्रदेश,नेपाल
च.नं. | मिति :२०७८/०८/१०

**पकेट विकास कार्यक्रम संचालनको लागि प्रस्ताव आहवान सम्बन्धि सूचना**

**सूचना प्रकाशित मिति :२०७८/०८/१०**

छत्रकोट गाउँपालिकाको आ. व.२०७८/०७९को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन हुने भएकोले इच्छुक कृषक समूह,कृषि सहकारी वा कृषि फर्महरुले निर्धारित ढाँचामा आवेदन/प्रस्ताव तयार गरी आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा कृषि विकास शाखामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन फारम यस कार्यालय र सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

**नोटः बाख्रा पकेट संचालनको लागि न्युनतम ३०० माउ बाख्रा हुनुपर्ने छ ।यो कार्यक्रम यस गा.पा. को वडा नं. ०६ मा मात्र लागु हुने छ । अन्यत्रको निबेदन उपर कुनै कारबाही हुने छैन।**

<u>पेश गर्नुपर्ने आवश्यक कागजातहरुः</u>

- अनुसूची ६ बमोजिमको आवेदन फारम,
- पकेट समन्वय समितिको दर्ता तथा नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि ,
- समूह संस्थाको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,
- प्रस्तावना पेश गर्ने आधिकारिक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- कार्यक्रम संचालन हुने स्थान (जग्गाजमिन)को स्वामित्व खुल्ने कागजात वा भाडामा लिएको भएमा कम्तिमा (पाँच) वर्षको सम्झौता प्रतिलिपि,
- अनुसूची ७,१० बमोजिमको पकेट क्षेत्र मागको लागि आधारभूत तथ्यांक फारम,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- पकेट कार्यक्रम माग गर्ने समूह/सहकारी/फर्मको निर्णयको प्रतिलिपि,
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

**थप जानकारीको लागि पशु सेवा शाखा (९८४७३५१६४४-टेक बहादुर खनाल)मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै अनुसूची ६,७ र १० सम्बन्धित वडा कार्यालय वा पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने छ ।**

..........................
पशु सेवा शाखा

..........................
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत